

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क २२० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौं ५ गते बुधबार ❑ 21 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## 'उपभोक्ता ठग्नेलाई कडा कारबाही'

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भदौं

गृह सचिव एकनारायण अर्यालले उपभोक्ता अधिकार संरक्षणमा क्षतिपूर्तिसहित अधिकारको व्यवस्था भएकाले सेवा र वस्तुमा उपभोक्तालाई ठग्ने काम नगर्न आग्रह गर्नुभएको छ।



जिल्ला प्रशासन कार्यालय कास्कीद्वारा उपभोक्ता अधिकार संरक्षणका लागि उजुरी, गुनासो र सुझावका लागि सञ्चालनमा ल्याइएको 'क्यूआर कोड' सहितको अनलाइन सेवाको मंगलबार उद्घाटन गर्दै अर्यालले उपभोक्ता ठग्नेलाई कारबाही गर्ने बताउनुभयो। चाडपर्व सुरु भएसँगै खाद्य सामग्री र सार्वजनिक यातायातमा चर्को भाडा लिने काम हुँदै आएकाले यसलाई नियन्त्रण गर्न र त्यस्ता व्यक्ति वा संस्थालाई कडा कारबाही गर्न प्रशासनले जोड दिनुपर्ने उहाँको भनाइ छ। अझैपनि राजमार्गका होटलमा खानाको गुणस्तर नहुने र चर्को मूल्य लिने काम भइरहेकाले प्रशासनको ध्यान त्यसतर्फ जानुपर्ने उहाँले बताउनुभयो । नेपालमै पहिलो पटक जिल्ला प्रशासन कास्कीले सञ्चालनमा ल्याएको यस्तो सेवाले निरन्तरता पाउनुपर्ने बताउँदै अन्य जिल्लामा पनि सेवा विस्तार गर्न उहाँको सुझाव छ । उपभोक्ता संरक्षण अधिकारलाई प्रभावकारी बनाउन सञ्चार माध्यमको भूमिका महत्वपूर्ण हुने भएकाले सहयोग गर्न सञ्चारकर्मीहरुलाई आग्रह गर्नुभयो।

अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष चन्द्रकला अधिकारीले दुर्गम गाउँका उपभोक्ता बढी मात्रामा ठगिने गरेकाले गाउँ तहसम्म उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो। जिल्ला प्रशासन कास्कीबाट सुरु भएको सेवाले निरन्तरता पाउनुको साथै यसको प्रभावकारिता गाउँगाउँसम्म पुग्नुपर्नेमा उहाँको जोड थियो।

उपभोक्ता हित संरक्षण मञ्च कास्कीका अध्यक्ष राजेन्द्र लिगलले उपभोक्ता हित संरक्षण ऐन प्रभावकारी बन्न नसक्दा र अनुगमन प्रणाली प्रभवकारी नहुँदा बजारमा गुणस्तरहीन वस्तु र मूल्य नियन्त्रण हुन नसकेको धारणा राख्नुभयो । कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले 'क्यूआर कोड'लाई निरन्तरता दिँदै पर्यटकीय राजधानी पोखरामा पर्यटक ठगिएका गुनासा आएकाले ठगी गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याएर कारबाही गर्ने प्रतिबद्धता जनाउनुभयो।

## पोखरामा ३३ स्थानबाट गाईजात्रा निकालियो



**पोखरापत्र संवाददाता**
पोखरा, ४ भदौं

पोखरा सहित कास्कीमा यस बर्ष ३३ वटा टोलमा गाई जात्रा निकालिएको छ।

जनैपूर्णिमा(रक्षाबन्धन) को भोलिपल्ट मंगलबार पोखरा सहित कास्कीका ३३ वटा टोलमा नेवाी समुदायका मृतकका आफन्तले उहाँको स्मृतिमा गाई जात्रा निकालेको नेवाः खलः कास्कीका अध्यक्ष असोक पालिखेले बताउनुभयो। उहाँका अनुसार २ सय बर्ष अघि देखि पोखरा सहित कास्कीमा गाई जात्रा पर्व मनाइदै आएको हो । यस बर्षको गाई जात्राको बिहानै देखि पानी परेकोले टोल टोलमा गाई जात्रा निकाल्न निकै कठिनका बाबजुत पनि केहीले छाता र र्‍याङकोट समेत ओडेर बजार तथा गल्लीहरु परिक्रमा गर्नु भएको छ । पोखराको गाई जात्रामा तयाँ माचाः नृत्य प्रर्दशनी गर्नुले यहाँको गाईजात्रा पर्वलाई आकर्षणको रुपमा लिइएको हुन्छ।

नेवारी समुदायका एक बर्ष भित्र निधन भएका उहाँका आफन्तहरुले उहाँको तष्विर सहित केहीले गाई लाई समेत लिदै नगर परिक्रमा गर्ने गर्नुहुन्छ। पोखरा उपत्यका सहित देशका विभिन्न स्थानमा धुमधामका साथ गाइजात्रा पर्व मनाइएको हो । नेपाली समाजमा गाइजात्रा व्यङ्ग्य गर्ने नेवार समुदायमा पितृगणको सम्झनामा गाईको रूप धारण गरी टोलटोल घुम्ने गर्नुहुन्छ।

पोखराका हेमजा, लामौचार, बगर, मोहरियाटोल, भैरवटोल, भीमसेनटोल,गणेशटोल,रामकृष्णटोल, बगालेटोल, सिमलचौर, राष्ट्र बैंक चोक, पार्दी विरौटा, छोरेपाटन, पृथ्वीचोक, नयाँबजारबाट तायमचाः निकालिएको थियो।

यसैगरी महेन्द्रपुल, तेर्सापट्टी, रानीपौवा, गौंडाकोमुख, कुँडहर, रामबजार, सिसुवा, अर्घौं, गगनगौंडा, जनताको चौतारा, बागमारा, हंसपुर र देउरालीलगायतका स्थानबाट नृत्य निकालिएको पालिखेले बताउनुभयो । "गाईजात्रा धेरै निस्किए पनि तायमचाः एउटा टोलबाट निकालिन्छ। यो नेवारी समुदायको परम्परागत नृत्य हो", पालिखेले भन्नुभयो,"पोखरामा बिहानदेखि नै पानी परेकाले दिनभरको झरीमा गाईजात्रा निकालिएको थियो।"

बाँकी अन्तिम पृष्ठमा ▶▶

## दमौली अस्पताललाई ५० शैयामा स्तरवृद्धिको प्रक्रिया थाल्नेछु : स्वास्थ्यमन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
तनहुँ, ४ भदौं

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले प्रदेशबाट जग्गा प्राप्तिका लागि स्वीकृति आउना साथ दमौली अस्पताललाई ५० शय्यामा स्तरवृद्धिको प्रक्रिया अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।



दमौली अस्पतालको स्तरोन्नतिका लागि आग्रह गर्न मन्त्रालय पुगेको दमौली अस्पताल व्यवस्थापन समितिका अध्यक्ष एवं जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्लेसहितको टोलीसँग मंगलबार मन्त्री पौडेलले यस्तो प्रतिबद्धता व्यक्त गर्नुभएको हो । गत साता अस्पतालको निरीक्षण गरिसक्नुभएका मन्त्री पौडेलले कृषि ज्ञान केन्द्र र भेटेरीनरी अस्पतालका नाममा रहेको साढे तीन रोपनी जग्गा अस्पताललाई उपभोग गर्न दिन प्रदेशबाट स्वीकृति पाए लगत्तै मन्त्रिपरिषद्मा प्रस्ताव लगेर जग्गा व्यवस्थापनका लागि पहल गर्ने बताउनुभयो। "दमौली अस्पतालको क्षमता विस्तार नहुँदा परेको समस्याबारे म जानकार छु। प्रदेशबाट स्वीकृति आउना साथ विस्तारको काम अघि बढ्नेछ", उहाँले भन्नुभयो । मन्त्री पौडेललाई अस्पतालको क्षमता विस्तार गरेर ५० शय्यामा स्तरवृद्धि गर्ने काममा सहयोगका लागि समितिका अध्यक्ष वाग्ले र संविधानसभा सदस्य रामचन्द्र पोखरेलले आग्रह गर्नुभएको थियो । दमौली अस्पताल व्यवस्थापन समितिले केही दिन अगाडि मात्रै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई भेटेर अस्पतालको स्तरोन्नति प्रक्रिया अगाडि बढाउन ध्यानाकर्षण गराइएकाबारे जानकारी गराएको अध्यक्ष वाग्लेले बताउनुभयो । उहाँले भन्नुभयो, "अस्पताल स्तरोन्नति गर्न अति आवश्यक भइसकेको छ। यसबारेमा मन्त्री पनि सकारात्मक हुनुहुन्छ।"पन्ध्र शय्या क्षमताको स्वीकृति भए पनि अस्पतालले हाल ५४ शय्यामा सेवा दिइरहेको छ। अस्पतालसँग हाल १५ रोपनी जग्गा रहे पनि कृषि ज्ञान केन्द्रको दुई रोपनी र भेटेरीनरी अस्पतालको डेढ रोपनी जग्गा अस्पतालका नाममा प्राप्त भएमा विस्तार गर्न सकिने प्राविधिक समितिले प्रतिवेदन दिएको छ। अस्पतालले गत वर्ष ९८ हजार तीन सय ५६ जनालाई स्वास्थ्य सेवा प्रदान गरेको छ।

अस्पतालका प्रमुख डा परिवर्तन बरालले प्रत्येक वर्ष बिरामीको सङ्ख्या बढ्दो अवस्थामा रहेकाले अस्पताललाई ५० देखि एक सय शय्यामा विस्तार गर्नुपर्ने आवश्यकता भइसकेको बताउनुभयो । यस्तै, अस्पतालमा सर्पदंश उपचार केन्द्र, रक्तसञ्चार केन्द्रको क्षमता वृद्धि, फोहरमैला व्यवस्थापन, डायलासिस सेवाको क्षमता वृद्धिका साथै अस्पताललाई ट्रमा सेण्टरको रूपमा विकास गर्नुपर्ने आवश्यकता खड्किएको उहाँको भनाइ छ। यो अस्पताल विसं २०३४ मा स्वास्थ्य चौकीको रूपमा स्थापना भई विसं २०५५ मा प्राथमिक स्वास्थ्य केन्द्र र विसं २०५९ मा अस्पतालमा स्तरोन्नति भएको थियो।

## सामुदायिक वन उपभोक्ताका भान्छामा विद्युतीय चुल्हो

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भदौं

कास्कीको रुपा गाउँपालिका-५ देउरालीकी ६२ वर्षीया अनिता श्रेष्ठ हिजोआज भान्छामा खाना पकाउन विद्युतीय चुल्हो प्रयोग गर्नुहुन्छ। दाउरा र सिलिन्डर ग्यास प्रयोग गर्दै आउनुभएकी उहाँले विद्युतीय चुल्होमा खाना पकाउन थाल्नुभएको हो।

"सुरुमा त चलाउन नजान्दा निकै डर लागेको थियो, कुनै खतरा नहुने, धुवाँ धुलो नआउने र खानेकुरा छिटो पाक्ने रहेछ", उहाँले भन्नुभयो, "बुहारीले सिकाएपछि अहिले विद्युतीय चुल्हो चलाउन सजिलो भएको छ।" अर्का उपभोक्ता बाबुलाल श्रेष्ठले पनि विद्युतीय चुल्हो जडान गरेको एक महिना पुगेको छ। उहाँलाई पनि विद्युतीय चुल्हो चलाउन सजिलो र सुरक्षित महसुस भएको छ । "घरमा दुई जना बूढाबूढी छौँ, राइसकुकरमा भात पकाउछौँ । मासु, तरकारी, चिया र पानी तताउने काम सबै विद्युतीय चुल्होमा पाक्छ", उहाँले भन्नुभयो, "बत्तीको खर्च कति लाग्छ थाहा छैन, सर्वसुलभ भएमा विस्तारै ग्यास विस्थापित गर्ने सोचमा छु।"


ठूलोवन सामुदायिक वन उपभोक्ता समूह र अजम्बरी विकास फाउन्डेसन तथा विकास यात्राको अनुदानमा उक्त क्षेत्रका प्रत्येक उपभोक्ताको भान्छामा विद्युतीय चुल्हो जडान गरिएको हो। एउटा इलेक्ट्रिक चुल्होलाई रु चार हजार आठ सय पर्ने गरेको छ। त्यसमा वन समूह र अजम्बरी विकास फाउन्डेसनले ५०। ५० प्रतिशत खर्च व्यहोर्ने सहमतिअनुसार उपभोक्तालाई अनुदानमा चुल्हो वितरण गरिएको ठूलोवन सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष इश्वर श्रेष्ठले जानकारी दिनुभयो।

उहाँका अनुसार वन समूहमा दुई सय ८० घर आबद्ध छन् । अहिलेसम्म दुई सय ४२ घरमा विद्युतीय चुल्हो जडान भइसकेको छ। बाँकी घरमा चाँडै चुल्हो वितरण गर्ने कार्यक्रम छ। "चुल्हो प्रयोगमा आउँदैन की भनेर प्रत्येक घरलाई चुल्होमा प्रयोग हुने कराइ र कुकर खरिद गराएर मात्र वितरण गरेका छौँ", उहाँले भन्नुभयो, "वनको आम्दानीले उपभोक्ताका घरघरमा विद्युतीय चुल्हो वितरण गर्न पाउँदा खुसी लागेको छ।"

सामुदायिक वनको कोषमा रकम जम्मा गर्नुभन्दा उपभोक्तालाई सुविधा दिने सोचका साथ उपभोक्ताका भान्छामा चुल्हो पुऱ्याउने पहल भएको सामुदायिक वन उपभोक्ता समूहले जनाएको छ । विद्युतीय चुल्हो प्राप्त गर्न नागरिकता, विद्युत् बिलको प्रतिलिपि र दुईप्रति फोटो अनिवार्य गरिएको छ । प्रत्येक विद्युत् मिटरका आधारमा चुल्हो वितरण गर्ने मापदण्ड तयार गरिएको अध्यक्ष श्रेष्ठको भनाइ छ।

विसं २०५३ मा हस्तान्तरण भएको तीन सय २२ हेक्टर क्षेत्रफलमा फैलिएको उक्त सामुदायिक वनमा ७० प्रतिशत सालको रुख रहेको छ। वन कार्ययोजना र विधानको

बाँकी अन्तिम पृष्ठमा ▶▶



# नृत्य निर्देशक संघ नेपालले आगामी पुसमा प्रथम राष्ट्रिय भेला गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भदौं

नृत्य निर्देशक संघ नेपालले राष्ट्रिय भेला २०८१ तयारीको अध्यक्ष र सचिव स्तरिय बृहत प्रारम्भिक छलफल सम्पन्न गरेको छ।

आइतबार गण्डकी प्रदेशको पोखरामा सम्पन्न उक्त प्रारम्भिक छलफलले आगामी पुस २६ र २७ गते प्रथम राष्ट्रिय भेला २०८१ आयोजना गर्ने निर्णय गरिएको संघका सचिव/प्रवक्ता ऋषिकेश श्रेष्ठले बताए। सो राष्ट्रिय भेला कोशी प्रदेशमा हुने श्रेष्ठले बताए । छलफल कार्यक्रममा नृत्य निर्देशक संघ नेपाल लुम्बिनी प्रदेश, कोशी प्रदेश, मधेश प्रदेश, गण्डकी प्रदेश, बागमती प्रदेश र कर्णाली प्रदेशका अध्यक्ष तथा



सचिवहरुको उपस्थिति रहेको संघका सह-कोषाध्यक्ष केशब कोइरालाले बताए । त्यसैगरी जिल्ला,नगर,गाउँपालिका अध्यक्ष तथा सचिवहरुको उपस्थिति रहेको उनले बताए।

गण्डकी प्रदेशको व्यवस्थापनमा आयोजना गरिएको सो छलफल कार्यक्रमको प्रथम चरणको कार्यक्रम गण्डकी प्रज्ञा प्रतिष्ठानका उपकुलपति गोरे गुरुङको प्रमुख आतिथ्यता र संघका केन्द्रीय अध्यक्ष भुवन दास श्रेष्ठको सभापतित्वमा सम्पन्न भएको थियो। कार्यक्रममा प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै उपकुलपती गोरे गुरुङले सम्पूर्ण नृत्य निर्देशकहरुले नृत्य सम्बन्धि अध्ययन र अनुसन्धान गर्दै विद्यार्थीहरुलाई प्रशिक्षण गराउनु पर्ने बताए । संघका केन्द्रीय अध्यक्ष भुवन दास श्रेष्ठले नेपाल सरकारबाट राष्ट्रिय नृत्य दिवस घोषणाको लागि देशै भरका नृत्य निर्देशकहरु एक जुट भई अगाडी बढ्नु पर्ने बताए । करिब १२ घण्टा भएको उक्त छलफलमा सबै प्रदेश, जिल्ला, नगरका अध्यक्ष र सचिवहरुले आ-आफ्नो योजनाहरु प्रस्तुत गरेको संघका कार्यसमिति सदस्य बुद्ध लामाले बताए। पोखराको होटल रोयल प्यालेसमा सम्पन्न उक्त छलफल कार्यक्रमको बनेका मूल समारोह समिति लगायत उपसमितिहरुले आ-आफ्नो जिम्मेवारी पूर्ण रुपमा निर्वाह गरी कार्यक्रम सफल बनाउन संघका केन्द्रीय महिला उपाध्यक्ष भावना कार्कीले आग्रह गरिन।

# दिवंगत आफन्तको सम्झनामा वडा १३ मा गाईजात्रा

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भदौं

परम्परागत गाईजात्रा पर्व कुँडहरमा धुमधामका साथ मनाइएको छ। दिवंगत आफन्तको सम्झनामा कुँडहरमा बस्ने नेवार समुदायले मंगलवार गाईजात्रा निकालेर विभिन्न टोलमा परिक्रमा गरि मनाए।

पोखरा महानगरपालिका वडा नं १३ स्थित बाल गोपाल भजन कृतन सेवा समितिले पनि गाइजात्रा निकालेको छ । कार्यक्रममा गाइ, मारुनी, जोक्कर, राम, लक्ष्मण, सिता, हनुमानको रुपमा सजिएर प्रदर्शन गरिएको थियो। गौडाकोमुखबाट निकालिएको गाइजात्रा वडा नं १३ का विभिन्न स्थानमा परिक्रम गरेका थिए। एक वर्षभित्र दिवंगत आफन्तका सम्झनामा गाईको रूपमा सिँगारी आ-आफ्ना इलाकामा परिक्रमा गराउनका साथै उनीहरूलाई श्रद्धालुद्वारा दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न प्रदान गरिने



वाल गोपाल भजन कृतन सेवा समितिका अध्यक्ष माधव नारायण श्रेष्ठले वताए।

सोहि दिन राधाकृष्ण मन्दिर सेवा समितिको आयोजनामा पनि गाइजात्रा निकालिएको थियो । कार्यक्रममा गाइ, मारुनी, जोक्कर र गोरु प्रर्दशन गरिएको थियो । राधाकृष्ण चोकवाट निकालिएको गाइजात्रा वडा नं १३ को विभिन्न टोलमा परिक्रमा गरेको थियो । यसरी टोल परिक्रमा गर्नाले वर्षभरि मृत्यु भएका व्यक्ति गाईको पुच्छर समाई वैतरणी पार हुन्छन् भन्ने धार्मिक विश्वासको साथ गाइजात्रा निकाल्ने गरिएको राधाकृष्ण मन्दिर सेवा समितिका अध्यक्ष योगेन्द्रमान श्रेष्ठले वताए । एक वर्षभित्र दिवङ्गत भएका आफन्तको सम्झनामा आजका दिन गाई वा मानिसलाई गाईका रूपमा सिँगारी आ-आफ्ना क्षेत्रमा परिक्रमा गराउने र उनीहरूलाई श्रद्धालुद्वारा दूध, फलफूल, रोटी, चिउरा, दहीका साथै अन्न र द्रव्य दान दिने चलन छ।

# भारतको स्वतन्त्रता दिवसको अवसरमा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रद्वारा कथक नृत्य प्रस्तुत

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भदौं

स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र, भारतीय दूतावास, काठमाडौंले पोखरामा कथक नृत्य प्रस्तुत गरेको छ।

सोमवार पोखरा इभेन्ट सेन्टर पोखरा-६, बुलौदीमा दुतावासले ७८औं स्वतन्त्रता दिवसको अवसरमा अर्पिता दत्त र भारतबाट आएको उनको समूहले कथक नृत्य प्रस्तुत गरेको हो।

कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको प्रमुख आतिथ्यता, प्रदेशका सामाजिक विकास एवं स्वास्थ्य मन्त्री बिन्दु कुमार थापा, पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य,



नेपाली काग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्मालगाएत अतिथिका उपस्थित रहेका थिए। त्यस्तै, काठमाडौंस्थित भारतीय राजदुतावासका प्रथम सचिव सुमन शेखर, भारतीय पेन्सन क्याम्प कार्यालय पोखराका प्रमुख लेफ्टिनेन्ट कर्णेल प्रशान्त सिहं बघेल पोखरास्थित विभिन्न क्षेत्रका लब्ध प्रतिष्ठित व्यक्ति साथै नागरिक समाजका सदस्यहरू पनि कार्यक्रममा उपस्थित थिए।

मुख्यमन्त्री पाण्डे, पोखरा महानगरपालिकाका प्रमुख आचार्य, भारतीय राजदुतावासका प्रथम सचिव सुमन शेखर र भारतीय पेन्सन क्याम्प कार्यालय पोखराका प्रमुख लेफ्टिनेन्ट कर्णेल प्रशान्त सिहं बघेलले नेपाल भारतको सदियौंदेखि सम्बन्धको बारेमा चर्चा गरेका थिए। काठमाडौंस्थित भारतीय दूतावासले हरेक वर्ष स्वतन्त्रता दिवसको अवसर पारी विभिन्न कार्यक्रम गर्दै आएको छ । उत्सवको एक हिस्साको रूपमा रहेको कथक नृत्य प्रस्तुति नेपालका अन्य चार प्रमुख सहरहरूमा प्रस्तुत गरिने कार्यक्रम अन्तर्गत पोखरामा नृत्य टोलीले आफ्नो कला प्रस्तुत गरेको भारतीय पेन्सन वितरण केन्द्र पोखराका जनसम्पर्क अधिकृत भारतभूषण पाण्डेले जनाए।

पाण्डेका अनुसार अर्पिता र उनको टोलीले प्रस्तुत गरेको कथक नृत्यले कार्यक्रममा उपस्थित सबैले मनोरञ्जन लिएका थिए।

# निशुल्क आँखा परीक्षण तथा रक्तदान गरी मनायो क्याट वाकले वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भदौं

क्लब क्याटवाकले निशुल्क आँखा चेकअप शिविर, रक्तदान लगाएत विविध कार्यक्रम गरि आफ्नो दोस्रो वार्षिकोत्सवको मनाएको छ।

क्लबले सामाजिक उत्तरदायित्व बहन गर्दै सञ्चालनको दोस्रो वर्ष पुरा गरेको अवसरमा निशुल्क शिविर तथा रक्तदानलगाएतको कार्य गरेको हो । पोखरा ६ लेकसाइडमा गरिएको निशुल्क आँखा परिक्षणबाट १ सय २१ जनाले स्वास्थ्य लाभ लिएका र रक्तदान कार्यक्रमबाट ६९ युनिट रगत संकलन भएको क्लब क्याटवाकका सञ्चालक गुप्त



लामाले जानकारी दिए।

क्लबले यस अघिपनि विद्याश्रममा खाद्यान्न वितरण, सरकारी विद्यालयका गरिब तथा जेहेन्दार विद्यार्थीलाई पोसाक, झोला तथा स्टेशनरी वितरण, भुकम्प पिडीतलाई आर्थिक सहयोगलगाएतको कार्यहरु गरिरहेको क्लबका अर्का सञ्चालक अमृत पहारीले बताए। सञ्चालनदेखि नै क्लब क्याटवाक युवा पुस्तामा निकै रोजाइमा परिरहेको छ । क्लबले दोस्रो वार्षिकोत्सवकै अवसरमा कन्दरा ब्याण्डको विशेष साँगितिक कार्यक्रम समेत गरेको थियो। जसमा ३ हजार बढी दर्शक कन्दरा ब्याण्डका गायक विवेक श्रेष्ठको गीतमा रमाएका क्लबले जनाएको छ।

# पोखरामा विश्व मानवीय दिवस मानाइयो

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भदौं

नेपाल परिवार नियोजन संघ कास्कीले विश्व मानवीय दिवस २०२४ मनाएको छ । स्प्रिन्ट परियोजनाको सहयोगमा विश्व मानवीय दिवस २०२४ को अवसरमा यौन तथा प्रजनन् स्वास्थ्यका वारेमा मानवताका लागि कार्य भन्ने नाराका साथ उक्त दिवस मनाइएको हो।

कार्यक्रममा स्वयंसेवक, स्वास्थ्यकर्मी र सरोकारवालाहरुको उपस्थिती रहेको थियो। उक्त कार्यक्रममा विपदको समयमा गरिने न्युनतम प्रारम्भिक सेवाका प्याकेजहरुलाई विशेष गरी यौन तथा प्रजनन् स्वास्थ्यका सेवाहरुलाई छिटो छरितो र सहि तरिकाले अवलम्बन गरि उद्धार, राहत र पुनर्स्थापना लगायतका क्रियाकलाप साथसाथै अगाडि बढाउनु पर्ने विषयमा सबैले ध्यान पुर्याउनुपर्ने निष्कर्ष निकालिएको थियो । विशेष गरी यस्तो विपद् को बेलामा राज्यको ध्यान अरु विषयमा बढी हुने तर गर्भवती, सुत्केरी, अशक्त, महिला, बालबालिका,किशोरीहरुको यौन तथा प्रजनन् स्वास्थ्यमा ध्यान नपुग्ने र यस्ते उनीहरूको स्वास्थ्यमा गम्भीर असर पुर्याउने हुँदा यस्ता विषयमा सबै पक्ष बढी गम्भीर बन्नुपर्नेमा जोड दिईएको थियो। कार्यक्रममा प्रमुख अतिथी नेपाल परिवार नियोजन संघका केन्द्रीय महासचिव अर्जुन सिग्देलले यौन तथा प्रजनन् स्वास्थ्यमा वारेमा सवैलाई जानकारी हुनु पर्ने बताउनुभयो । कार्यक्रममा नेपाल परिवार नियोजन संघ कास्की शाखाका वरिष्ठ शाखा प्रबन्धक नवराज तिवारीले दिवसको सन्दर्भ र विपतको समयमा प्रदान गर्नुपर्ने न्यूनतम यौन तथा प्रजनन् स्वास्थ्य सेवाका विषयमा प्रस्तुतिकरण गर्नुभएको थियो । नेपाल परिवार नियोजन संघ कास्की शाखाका सभापति नवीन सिग्देलको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

## सामुदायिक ...

परिधिभित्र रहेर उपभोक्तालाई घर, गोठ बनाउन आवश्यक काठप्रति क्यूफिट रु दुई सयका दरले उपलब्ध गराउने गरिएको अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । समूहबाट प्राप्त काठ उपभोक्ताले बाहिर बिक्रीवितरण गर्न पाउने छैनन् । उपभोक्ताको भान्छा स्वच्छ बनाउने उद्देश्यले चुल्हो वितरण गरिएको अजम्बरी विकास फाउन्डेसन तथा विकास यात्रा कार्यक्रमका प्रमुख राजेन्द्र घिमिरेले जानकारी दिनुभयो। परियोजनाले घरधुरीलाई दाउरा वा खनिज इन्धनको सट्टा बिजुली प्रयोगगरी खाना पकाउन सघाएको छ । विद्युतीय चुल्होको प्रयोगले धुवाँजन्य प्रदूषण घटाइ कार्बनडाइअक्साइड उत्सर्जन न्यूनीकरण र जलवायु परिवर्तनमा सकारात्मक योगदान पुगे उहाँको भनाइ छ। बागमती, गण्डकी, लुम्बिनी र कोशी प्रदेशअन्तर्गतका स्थानीय तहमा ३० हजारभन्दा बढी घरधुरीलाई सहयोग गर्ने लक्ष्य परियोजनाको छ । उक्त परियोजनामार्फत कूल ३० हजार चुल्हो वितरण गर्ने लक्ष्य रहेकामा हालसम्म छ सय घरलाई विद्युतीय चुल्हो वितरण गरिसकिएको छ।

सामुदायिक वन उपभोक्ता महासङ्घ नेपाल कास्कीका जिल्ला सदस्य एवं ठूलोवन उपभोक्ता समूहका सदस्य बुद्धिबहादुर घिमिरेले मुलुक विद्युतीय ऊर्जा प्रवर्द्धनमा सक्षम र सबल बन्दै गएकाले हरितगृह ग्यास उत्सर्जनदेखि आर्थिक तथा मानवीय जोखिम न्यूनीकरण गर्न विद्युतीय चुल्होको प्रयोगलाई बढाउनुपर्ने बताउनुभयो। वन विभागको तथ्याङ्कअनुसार मुलुकमा २३ हजार २६ सामुदायिक वन समूहका ३१ लाख ९५ हजार तीन सय २३ घरधुरीले २४ लाख २५ हजार तीन सय ९२ दशमलव ६० हेक्टर क्षेत्रफलको वन व्यवस्थापन गर्दै आएका छन्। दाउराको प्रयोग गर्ने उपभोक्तालाई पहिलो प्राथमिकतामा राखी विद्युतीय चुल्हो विस्तारलाई जोड दिनुपर्ने उहाँको धारणा छ।

## पोखरामा...

त्यही अवसरमा यही भदौ ८ गते नेवा तायमचाः नृत्य प्रतियोगितासमेत आयोजना गर्न लागिएको छ। नेवा कचाः खल नयाँबजारको आयोजना तथा नेवा मिसा पुचः नयाँबजार, नेवा ल्याम्ह पुचः नयाँबजार र नेवाः कल्याणकारी गुठीको सहआयोजनामा प्रतियोगिता हुन लागेको हो । हरेक वर्ष हुँदै आएको प्रतियोगिताको यस वर्षको शृ· लामा २९ टिमले प्रतिस्पर्धा गर्ने प्रतियोगिता सम्पादन समितिका मूल संयोजक शम्भुलाल श्रेष्ठले जानकारी दिनुभयो।

प्रतियोगिताको विजेतालाई नगद रु तीन लाख एक, द्वितीयलाई रु दुई लाख एक, तृतीयलाई रु एक लाख एक र सान्त्वनालाई रु १० हजार एक प्रदान गरिने श्रेष्ठले बताउनुभयो। पोखरामा साढे दुई सय वर्ष पुरानो मानिने यो नाच विसं २०५६ देखि हरेक वर्ष प्रतियोगिताको रूपमा आयोजना हुँदै आएको छ।

परीको पहिरनमा सजिएका चार जना र एक जना जोकर घुमीघुमी तायमचाः नाचिन्छ । पहिले पुरुषले मात्र नाच्ने गरेकामा एक दशकयता महिलाहरूले पनि नाच देखाउँछन्। कास्कीका राजा सिद्धिनरसिंह शाहको पालामा भक्तपुरका नेवार समुदायले तायमचाः भित्र्याएको किंवदन्ती छ।









फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५२१५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ । - फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# परराष्ट्रमन्त्री आरजुलाई भारतको सम्मान

परराष्ट्रमन्त्री डाक्टर आरजु राणा देउवाको पहिलो भारत भ्रमणलाई भारतीय पक्षले उच्च प्राथमिकता दिएको देखिएको छ । केपी शर्मा ओली नेतृत्वको सरकारलाई भारत र चीनको नेतृत्वले चाहेको छैन भनेर गरिएको नकारात्मक प्रचारलाई भारतीय पक्षले परराष्ट्रमन्त्री देउवालाई दिएको महत्त्वले गलत सावित गरेको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नै उच्च प्राथमिकता दिएर भेट गर्नु, भेटलगत्तै सामाजिक सञ्जालमा त्यसबारे चर्चा गर्नु, भेटवार्तामा राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाललाई पनि सामेल गर्नुले आरजुको भ्रमणलाई भारतले 'सिरियसली' लिएको चर्चा कूटनीतिक वृत्तमा चलेको छ ।

आरजु गत आइतबार भारतको औपचारिक भ्रमणका क्रममा नयाँ दिल्ली पुगेकी थिइन् । सोमबार उनले आफ्ना समकक्षी डा. एस जयशंकरसँग भेटवार्ता गरिन् भने त्यसलगत्तै मोदीसँग उनको शिष्टाचार भेट भयो । प्रधानमन्त्रीका रूपमा तेस्रो कार्यकाल सम्हालिरहेका मोदीमाथि यसअघिका कार्यकालमा छिमेकी देशहरूलाई उपेक्षा गरेको आरोप लागिरहेका बेला अहिले नेपाललाई दिएको उच्च प्राथमिकताले त्यसलाई खण्डन गरेको छ । दिल्लीस्थित हैदरावाद हाउसमा भएको भेटपछि प्रधानमन्त्री मोदीले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'नेपालकी परराष्ट्रमन्त्री आरजु राणा देउवालाई स्वागत गर्न पाउँदा खुशी लाग्यो । भारत र नेपालबीच निकट सभ्यतागत सम्बन्ध र प्रगतिशील तथा बहुपक्षीय साझेदारी रहेको छ । हाम्रो विकास साझेदारीमा निरन्तर गति कायम राख्न म उत्साहित छु ।'

यसअघि नेपालका परराष्ट्रमन्त्रीहरूसँगको भेटलगत्तै मोदीले सामाजिक सञ्जालमा यसरी विरलै प्रतिक्रिया जनाउने गर्थे । भेटवार्तामा नेपालका तर्फबाट परराष्ट्रमन्त्रीसँगै कार्यबाहक राजदूत सुरेन्द्र थापा, परराष्ट्र मन्त्रालयको दक्षिण एसिया डिभिजन प्रमुख भृगु ढुंगाना र नेपाली राजदूतावासकी मिनिस्टर काउन्सिलर द्रुपदा सापकोटा पनि सहभागी थिए । भारतीय पक्षबाट प्रधानमन्त्री मोदीसँगै विदेशमन्त्री एस जयशंकर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल, विदेशसचिव विक्रम मिस्री र नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव सहभागी थिए । नेपाली पक्षबाट राजदूत नहुँदा केही खल्लो बनाएको छापहिलाका भ्रमणमा मिडियाबाजी र राजनीति बढी हुने गरेकोमा यसपालि कूटनीतिक विषयहरूले प्राथमिकता पाएको दुवै देशका परराष्ट्र मन्त्रालयका प्रेस विज्ञप्तिले देखाएको छ ।

प्रधानमन्त्री मोदीसँगको भेटअघि आरजु र उनका समकक्षी जयशंकरबीच भेट भएको थियो । भेटबारे जानकारी दिँदै जयशंकरले सामाजिक सञ्जाल एक्समा लेखेका थिए, 'छिमेकी पहिलो नीति र जनस्तरको विशेष सांस्कृतिक सम्बन्धले हाम्रो सम्बन्धलाई अझ अघि बढाइरहेको छ ।' 'भारतले परराष्ट्रमन्त्रीको भ्रमणलाई यति प्राथमिकता दिनुको पछाडि कांग्रेस र एमाले मिलेर बनेको बलियो सरकार पनि कारण हो ।' दुई पक्षबीच ऊर्जा, कनेक्टिभिटी, व्यापार तथा पारवहन, एयर रुट, खेलकुद, बाढी तथा डुबान, पञ्चेश्वर परियोजनाजस्ता धेरै पक्षमा छलफल भएका समाचार आएका छन ।' दुई देशबीच बनेका संयन्त्रलाई थप सक्रिय बनाउन दुवै सहमत हुनुभएको छ । भारतीय पक्षले दिएको प्राथमिकताले अब नेपाल-भारत सम्बन्ध थप नयाँ उचाइमा जानेमा मन्त्रीको विश्वस छ । भारतले नेपाललाई हिजोको हेराइले हुँदैन भन्ने लागेको छ । पहिलो त, मोदीलाई नेपालसँग सम्बन्ध बिगारेको आरोप पनि लागेको छ । दोस्रो, छिमेकी पहिलो नीतिलाई मोदीले तेस्रो कार्यकालमा बढी नै प्राथमिकतामा राखेका छन् ।'

आरजुको भ्रमणकै क्रममा भारतले नेपालबाट थप २५१ मेगावाट विद्युत खरिदका लागि स्वीकृति दिएको छ । विदेशमन्त्री जयशंकरले सामाजिक सञ्जाल एक्समा भनेका छन्, 'हामीले ऊर्जा, व्यापार, यातायात र पूर्वाधार विकाससहित नेपाल-भारतको बहुआयामिक सहकार्यबारे छलफल गऱ्यौं । नेपालले भारतलाई करिब एक हजार मेगावाट विद्युत् निर्यात गर्ने भएकोमा खुसी लागेको छ, जुन एक नयाँ उपलब्धि हो ।' दुवै देशमा नयाँ सरकार बनेको र दुवैले एक अर्काको प्राथमिकतालाई बुझ्न र त्यहीअनुसार सम्बन्ध अघि बढाउन खोजेको टिप्पणी हुने गरेको छ । 'नेपालमा समीकरण परिवर्तन भएर नयाँ सरकार गठन भएको र भारतमा निर्वाचनमार्फत नयाँ सरकार आएको हुँदा' दुवै एकअर्काका प्राथमिकता बुझेर त्यहीअनुसार सम्बन्ध अघि बढाउने रणनीतिमा छन् । नेपालले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई नेपाल भ्रमणको निम्तो दिएर उच्चस्तरीय भ्रमण दुवैतर्फबाट बनाउन खोजेको देखिन्छ ।' अहिले भारतले नेपाललाई जसरी महत्त्व दिएको छ अब त्यसको परिणाम कस्तो हुन्छ भन्ने हेर्न बाँकी छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : शारीरिक झमेला |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# लमजुङमा थपिए दुई सय १८ उद्योग

**पोखरापत्र संवाददाता**
लमजुङ, ४ भदौं

लमजुङमा एक वर्षमा दुई सय १८ वटा नयाँ घरेलु उद्योग थपिएका छन् । पर्यटन तथा साना उद्योग विकास कार्यालयमा आर्थिक वर्ष २०८०/८१ को साउनबाट असार मसान्तसम्ममा नयाँ घरेलु उद्योग दर्ता भएको कार्यालय प्रमुख मिताकुमारी थापाले जानकारी दिनुभयो ।

उहाँका अनुसार सो अवधिमा चार सय १२ उद्योग नवीकरण भएका छन् । एक सय ७६ वाणिज्य दर्ता भएको छ भने, पाँच सय ५२ वाणिज्य नवीकरण भएका छन् । अघिल्लो आव २०७९/८० मा दई सय ९१ घरेलु उद्योग दर्ता भएका थिए । अघिल्लो वर्षको तुलनामा गत आवमा उद्योग दर्ता कम भएको हो । सोही आवमा दुई सय आठ वाणिज्य दर्ता भएका थिए भने पाँच सय १८ वटाको नवीकरण भएका थिए । आव २०७८/७९ को साउनदेखि असार सम्म छ सय ८५ घरेलु उद्योग दर्ता भएका थिए । उक्त अवधिमा दुई सय ८२ घरेलु उद्योगको नवीकरण भएको थियो । बैंसीसहर, सुन्दरबजार, भोटेओडार, सोती पसल भोर्लेटारलगायतका स्थानमा पसलको सङ्ख्या वृद्धि भइरहेका रहेका छन् । दर्ता भएका उद्योगमध्ये अधिकांश कृषि फार्म, सिलाइकटाई, अलैंची, ब्युटीपार्लर, कृषि औजार, मौरिपालन, बङ्गुर फार्म, दालमोठ उद्योग, पर्यटन उद्योगलगायत छन् ।

# तनहुँ अदालतमा दुई वर्ष नाघेका मुद्दा शून्य

**पोखरापत्र संवाददाता**
दमौली, ४ भदौं

तनहुँ जिल्ला अदालतले दुई वर्ष म्याद नाघेका मुद्दा शून्यमा झारेको छ । जिल्ला अदालतमा दर्ता भएर लामो समयसम्म फैसला हुन नसकेका मुद्दाहरू छिटोछरितो न्याय सम्पादन गर्ने नीति अनुरूप दुई वर्ष नाघेका मुद्दालाई शून्यमा झारिएको हो ।

अदालतमा अब दुई वर्ष म्याद नाघेका कुनै पनि मुद्दा नरहेको जिल्ला श्रेस्तेदार केशवप्रसाद पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार अदालतमा हाल सात सय ३८ थान मुद्दा फर्छ्योट हुन बाँकी छ । त्यसमध्ये छ महिनाभित्रका पाँच सय नौ, छ महिनादेखि एक वर्षभित्रका एक सय ३५, एक वर्षदेखि १८ महिनाभित्रका ८९, १८ महिनादेखि दुई वर्षभित्रका पाँच थान मुद्दा फर्छ्योट हुन बाँकी छ । उहाँले भन्नुभयो, "पुराना मुद्दालाई टुङ्गो लगाउने नीति अनुरूप दुई वर्षमाथिका सबै मुद्दा फर्छ्योट भएका छन् । यो एउटा ऐतिहासिक सफलता हो ।" अदालतले आव २०८०/८१ मा दुई हजार २८ थान मुद्दा फर्छ्योट गरेको छ । त्यस आर्थिक वर्षमा जिम्मेवारी सरिआएका एक हजार एक सय एक र नयाँ दर्ता एक हजार छ सय ६५ गरी कूल दुई हजार सात सय ६६ मुद्दा रहेका थिए । त्यसमध्ये दुई हजार २८ थान मुद्दा फर्छ्योट भइ सात सय ३८ थान मुद्दा बाँकी रहेको श्रेस्तेदार पौडेलले बताउनुभयो ।

अदालतले अघिल्लो आव २०७९/८० मा एक हजार आठ सय २३ मुद्दा फर्छ्योट गरेको थियो । त्यस आवमा जिम्मेवारी सरी आएका एक हजार एक सय ३५ र नयाँ दर्ता एक हजार सात सय ८९ गरी कूल दुई हजार नौ सय २४ मुद्दा थियो । अदालतमा गत आर्थिक वर्षदेखि तीन न्यायाधीशको दरबन्दी कायम भएसँगै पुराना मुद्दालाई शून्यमा झार्ने नीति लिइएको जिल्ला न्यायाधीश कमलराज विष्टले बताउनुभयो । अदालतमा आर्थिक वर्ष २०८०/८१ मा जिम्मेवारी सरिआएका र नयाँ दर्ता समेत गरी सम्बन्धविच्छेदका सात सय ८४ मुद्दा रहेकामा छ सय ७२ फर्छ्योट, अंशका चार सय ५५ मुद्दा रहेकामा तीन सय एक फर्छ्योट, चेक अनादरका एक सय ८४ मुद्दा रहेकामा एक सय ३४ फर्छ्योट, लेनदेनका एक सय २१ मुद्दा रहेकामा ७८ फर्छ्योट, लागुऔषधका एक सय २२ मुद्दा रहेकामा ९४फर्छ्योट, चोरी डाँका नकबजनिका एक सय छ मुद्दा रहेकामा ८४ फर्छ्योट, जालसाजीका एक सय ६० मुद्दा रहेकामा एक सय ११ थान मुद्दा फर्छ्योट भएका छन् । बैंकिङ कसुरका ४३ मुद्दा रहेकामा तीन फर्छ्योट, जबरजस्ती करणीका ६७ मुद्दा रहेकामा ३९ फर्छ्योट, सवारी ज्यान अङ्गभङ्गका ४५ मुद्दा रहेकामा ३८ फर्छ्योट, घरेलु हिंसाका १३ मुद्दा रहेकामा तीन फर्छ्योट र अन्य छ सय ६६ मद्दा रहेकामा चार सय ७१ मुद्दा फर्छ्योट भएको जिल्ला श्रेस्तेदार पौडेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अदालतले लगतको तुलनामा ७३.३१ प्रतिशत मुद्दा फर्छ्योट गर्न सफल भएको छ ।"

अदालतमा सरल मार्गका एक हजार छ सय १० मुद्दा रहेकामा एक हजार दुई सय १९, सामान्य मार्गका आठ सय १७ मुद्दा रहेकामा पाँच सय ४७, विशेष मार्गका तीन सय सात मुद्दा रहेकामा दुई सय ३५ थान मुद्दा फर्छ्योट गरेको जनाएको छ । फैसला कार्यान्वयनतर्फ दुई सय ६४ मुद्दा रहेकामा एक सय ५८ फर्छ्योट भएको अदालतले जनाएको छ । दण्ड जरिवानातर्फ रू ५२ करोड आठ लाख ६४ हजार नौ सय ७८ उठाउन बाँकी रहेकामा रू तीन करोड ८० लाख १४ असुल भएको छ । कैदतर्फ दुई हजार दुई सय ३९ वर्ष असुल गर्न बाँकी रहेकामा एक हजार एक सय ७७ वर्ष कैद असुल भएको छ । अदालतका अनुसार बालबालिका प्रतिवादी भएका मुद्दा ७५ थान रहेकामा ६१ फर्छ्योट भएको छ । त्यस मुद्दामा छ बालबालिकालाई पुर्पक्षका लागि बालसुधार गृह पठाइएको छ भने १६ जनालाई अभिभावकको जिम्मा लगाइएको छ ।


HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९

**हकदावी सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको र नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | GLI 0610005537 | दिप्ती भुर्तेल | पोखरा-२८, कास्की |
| २ | GLI0610014526 | शिला अधिकारी | पोखरा-५, कास्की |
| ३ | GLI0610015327 | सोमत अधिकारी | पोखरा-५, कास्की |


# ओम् शान्ति पोखरामा रक्षासूत्र ग्रहण एवं स्नेह मिलन समारोह

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भदौं




पवित्रता, स्नेह, शान्ति तथा अवगुणहरुबाट रक्षाको प्रतीक पावन पर्व रक्षाबन्धनको शुभ अवसरमा आयोजित रक्षासूत्र ग्रहण एवं स्नेह मिलन समारोह ओम् शान्ति भवन क्षेत्रीय कार्यालय पोखरा नयाँबजारमा सम्पन्न भएको छ ।

ब्रह्माकुमारी ई.वि.वि. नेपालका निर्देशक बालब्रह्माचारिणी त्यागी तपस्वी परमआदरणीय राजयोगिनी ब्रह्माकुमारी परनीता दिदीको हस्तकमलबाट रक्षासूत्र ग्रहण गराइएको उक्त समारोहमा गण्डकी प्रदेशका प्रदेश प्रमुख माननीय डिल्लीराज भट्ट र साथमा उहाँको स्वकीय सचिव, प्रेस संयोजक एवं अन्य सुरक्षाकर्मीहरुको विशेष आगमन रहेको थियो । औपचारिक कार्यक्रम अन्तर्गत सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका मन्त्री माननीय विन्दु कुमार थापाको प्रमुख आतिथ्यता रहेको थियो । रक्षासूत्र ग्रहण गर्नको लागि पोखरा महानगरपालिकाका उप प्रमुख मञ्जु गुरुङ, मन्त्री परिषद्को कार्यालय, गण्डकी प्रदेशका प्रमुख सचिव लक्ष्मी कुमारी बस्नेत, जिल्ला प्रशासन कार्यालय कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणी पाण्डे, पोखरा महानगरपालिकाका प्रवक्ता एवं वडा नं. २५ का वडा अध्यक्ष मोतीलाल तिम्सिना, पो.म.न.पा. वडा नं. ११ का अध्यक्ष प्रेम प्रसाद कर्माचार्य, स्वास्थ्य बिज्ञान प्रतिष्ठान डिन डा. कृष्ण श्रेष्ठ, डा. बसन्त ताम्राकार, डा. निरज दुवे, डा. राजेन्द्र मानन्धर, विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिका अध्यक्ष वरिष्ठ उद्योगपति गणेश बहादुर श्रेष्ठ, उद्योगपति एवं वरिष्ठ समाजसेवी सुशिल कुमार गोशली, सन्तान धर्म सेवा समितिका प्रमुख सामाजिक व्यक्तित्व रविन्द्र माकाजु, जेसिज पोखराका अध्यक्ष जेसिज देव राज शर्मा, पोखरा लेडी जेसिजका अध्यक्ष गायत्री फुयाल, डा. रामचन्द्र बास्तोला, डा. प्रेम बहादुर पुन र डा. अर्चना पुन, वरिष्ठ लोक गायिका हरिदेवी कोइराला एवं समाजका लब्धप्रतिष्ठित व्यक्तित्वहरु, विभिन्न आमा समूह, टोल विकास संस्थाका प्रमुख एवं प्रतिनिधिहरु एवं आमा बुबा दाजु भाइ दिदी बहिनीहरुको विशेष उपस्थिति रहेको थियो । बिहान ७:०० बजेदेखि आरम्भ भई साँझ ७:०० बजे समापन भएको रक्षासूत्र ग्रहण कार्यक्रममा करिव २००० जनाको उपस्थिति रहेको थियो । पवित्र पर्व रक्षाबन्धनको अवसरमा कैयौं महानुभावहरुले परमात्माको दिव्य सन्देश पनि प्राप्त गर्नुभएको थियो ।

# म्याग्दीका किसानलाई नौ करोड अनुदान

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ भदौं

चालु आर्थिक वर्ष २०८०/८१ मा यहाँका किसानलाई अनुदान वितरण गर्न रु नौ करोड छ लाख बजेट प्राप्त भएको छ ।

गण्डकी प्रदेश सरकारअन्तर्गतको कृषि ज्ञान केन्द्रमार्फत रु तीन करोड ३३ लाख २५ हजार, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रबाट रु दुई करोड ५२ लाख २१ हजार र सङ्घीय सरकारअन्तर्गतको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइबाट रु तीन करोड २१ लाख ६८ हजार बजेट प्राप्त भएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको बजेटबाट छिमेकी जिल्ला मुस्ताङ, पर्वत र बागलुङका किसानले पनि सुविधा पाउनेछन् । कूल लागतको ५० देखि ८५ प्रतिशत अनुदान प्राप्त हुने कार्यक्रमका लागि तीनवटै कार्यालयले सार्वजनिक सूचनामार्फत प्रस्ताव आह्वान गरेका छन् । खाद्यान्न, फलफूल, सागसब्जी, तेलहन, दलहन उत्पादनगरी जिल्लालाई आत्मनिर्भर बनाउनुका साथै निर्यातगरी किसानको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले चालु आवमा कृषि र पशुपालनमा बजेट केन्द्रित गरिएको कृषि ज्ञान केन्द्रका प्रमुख सञ्जीव बाँस्तोलले बताउनुभयो । खायन आलु उत्पादन तथा प्रवर्द्धन कार्यक्रमलाई रु एक करोड २० लाख छ हजार, फलफूल बाली विकास र रैथाने बाली प्रवर्द्धन आयोजनाका लागि रु २१/२१ लाख, तरकारीबाली प्रवर्द्धन आयोजनाका लागि रु १५ लाख ५० हजार, पोषण सुरक्षण कार्यक्रमका लागि रु २० लाख, सुन्तला जात फलफूल विकास आयोजनालाई रु ६७ लाख विनियोजन भएको छ । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका प्रमुख डा भरत रेग्मीले मासु, दूध, अण्डा उत्पादन वृद्धि गरी जिल्लालाई आत्मनिर्भर बनाउन सहयोग पुग्ने कार्यक्रम आएको बताउनुभयो । पशुलाई पूर्ण खोप कार्यक्रमका लागि सबैभन्दा बढी रु ८० लाख बजेट प्राप्त भएको छ । यसैगरी बृहत्तर पशु विकास प्रवर्द्धन कार्यक्रमलाई रु २० लाख, दूध उत्पादक किसानलाई अनुदानका लागि रु १० लाख, कृत्रिम गर्भाधानबाट जन्मिएका उन्नत जातका पाडापाडी हुर्काउने किसानका लागि रु तीन लाख, घुम्ती गोठ संरक्षणका लागि रु चार लाख, बाँझो जग्गामा घाँसखेती गर्नेलाई रु पाँच लाख, कृषि ऋणमा ब्याज अनुदान रु एक लाख, मत्स्य पोखरी निर्माण तथा क्षेत्र विस्तारका लागि रु तीन लाख बजेट प्राप्त भएको छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका कृषि अधिकृत विक्रम बस्यालले म्याग्दी, बागलुङ र पर्वतमा सञ्चालन भएको सुन्तला तथा मुस्ताङको स्याउ जोन क्षेत्रमा सिँचाइ सुविधा विस्तारका लागि रु ६० लाख विनियोजन भएको जानकारी दिनुभयो । बङ्गुरपालक किसानका लागि नश्ल सुधार तथा उत्पादन वृद्धि, यान्त्रिकरण र मासु पसल सुधारका लागि रु १८ लाख, सुन्तला जोन कार्यक्रममार्फत सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भारका लागि रु १६ लाख, कृषि उपज सङ्कलन केन्द्रलाई रु आठ लाख, बजारीकरणका लागि रु १५ लाख र यान्त्रिकरणका लागि रु दश लाख बजेट प्राप्त भएको छ । पूर्वाधार निर्माणसम्बन्धी कार्यक्रममा अधिकतम ८५ प्रतिशत, यन्त्र उपकरण, पाइप तथा ड्रम, बीउ, बेर्ना, विषादीलगायत सामग्री खरिदमा अधिकतम ५० प्रतिशत अनुदान सहयोग हुने कृषि अधिकृत बस्यालले बताउनुभयो ।

# बाढी, पहिरोलगायतका विपद्मा परी १९३ को मृत्यु

**रासस**
काठमाडौं, ४ भदौं

अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरोलगायतका विपद्मा परी मंगलबार दिउँसोसम्म एक सय ९३ जनाको मृत्यु भएको छ ।

बाढी, पहिरोलगायतका विपद्मा परी काठमाडौं उपत्यकामा तीन, कोशी प्रदेशमा २७, मधेस प्रदेशमा आठ, बागमती प्रदेशमा ३४, गण्डकी प्रदेशमा ५६, लुम्बिनी प्रदेशमा ३७, कर्णाली प्रदेशमा १३ र सुदूरपश्चिम प्रदेशमा १५ गरी एक सय ९३ जनाको मृत्यु भएको केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो । उहाँका अनुसार काठमाडौं उपत्यकामा ११, कोशी प्रदेशमा ३८, मधेस प्रदेशमा १२, बागमती प्रदेशमा २४, गण्डकी प्रदेशमा ४७, लुम्बिनी प्रदेशमा १८, कर्णाली प्रदेशमा ५७ र सुदूरपश्चिम प्रदेशमा ३४ गरी दुई सय ४१ जना घाइते भएका छन् । बाढी, पहिरोका कारण काठमाडौं उपत्यकामा २८, कोशी प्रदेशमा ४९, बागमती प्रदेशमा १२, गण्डकी प्रदेशमा १४, लुम्बिनी प्रदेशमा चार, कर्णाली प्रदेशमा दुई र सुदूरपशिचिम प्रदेशमा पाँच गरी एक सय १४ जनाको उद्धार गरिएको प्रवक्ता कार्कीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "बाढी पहिरोमा परी कोशी प्रदेशमा दुई, मधेस प्रदेशमा एक, बागमती प्रदेशमा ४१, गण्डकी प्रदेशमा दुई, लुम्बिनी प्रदेशमा एक, कर्णाली प्रदेशमा एक र सुदूरपश्चिम प्रदेशमा एक गरी ४९ जना वेपत्ता भएका छन् । बाढीको कारण आज दिउँसोसम्म जम्मा तीन सय ८४ घर डुबानमा परेका छन् । बाढी पहिरोले तीन सय ३३ वटा घर, एक सय १६ वटा गोठ, ५१ वटा पुल, चार वटा विद्यालय र दुई वटा सरकारी कार्यालयमा क्षति पुऱ्याएको प्रहरीले जनाएको छ । विपद्मा परी आठ सय ७० वटा पशु चौपाय मरेका छन् । उक्त अवधिमा विपद्का घटनाबाट चार हजार आठ सय ४२ घर परिवार विस्थापित भएका प्रवक्ता कार्कीले बताउनुभयो ।

# नारायण मरासिनीको 'घैंटीको मूल्य' लोकार्पण

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भदौं



गण्डकी साहित्य सङ्गम, पोखराको आयोजनामा मंगलबार संस्थाका सचिव कथाकार नारायण मरासिनीको 'घैंटीको मूल्य' कथा सङ्ग्रह एक कार्यक्रमका बिच लोकार्पण भएको छ ।

नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य डा. कृष्णराज अधिकारीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा कथा सङ्ग्रहमाथि समीक्षक रामराज रेग्मीले टिप्पणी गर्नुभएको थियो । उक्त कार्यक्रममा सङ्गमका सल्लाहकार प्रा. रघुनाथ अधिकारी, साहित्य शृङ्खला, पोखराकी अध्यक्ष लक्ष्मी थापा, प्राध्यापक गेहेन्द्रेश्वर कोइराला, बुद्धिजीवी, लेखक तथा साहित्यकारहरु झलकपाणि तिवारी, धनबहादुर नेपाली, बाबुराम पन्त, परशुराम कोइराला, लोकबहादुर थापा मगर लगायतले केही समयदेखि यता मायस्थेनिया ग्रेविस नामको रोगबाट पीडित कथाकार मरासिनीको स्वास्थ्य लाभको कामना गर्दै कृति प्रकाशन गरेकामा शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

मन्तव्यका क्रममा प्रमुख अतिथि प्राज्ञ डा. कृष्णराज अधिकारीले कथाकार मरासिनीको साहित्यिक सक्रियता प्रशंसनीय रहेको बताउनुभयो भने सङ्ग्रहमा सङ्कलित कथाहरुको समीक्षा गर्दै समीक्षक रामराज रेग्मीले प्रगतिवादी आख्यानका क्षेत्रमा 'घैंटीको मूल्य' एक महत्वपूर्ण प्राप्ति भएको उल्लेख गर्नुभयो । लेखकीय मन्तव्य व्यक्त गर्दै कथाकार मरासिनीले आफूले देखेभोगेको समाज तथा परिवेशलाई समेटेर नै कथाहरु सिर्जना गरेको बताउनुभयो। उहाँले यस सङ्ग्रहका कथाहरुमार्फत समाजको विकृत यथार्थलाई उधिनेर सुन्दर र सभ्य समाज निर्माणको प्रयत्न गरेको बताउनुभयो । उक्त कथा सङ्ग्रहमा 'घैंटीको मूल्य', 'कोरोनाको खोप', 'खोरियाकी आमै', 'गैरेली कोसे', 'महाप्राध्यापकको रातो डायरी', ' नपचेको मम' लगायत १४ वटा कथा सङ्गृहीत छन् ।

कथा सङ्ग्रहको लोकार्पण कार्यक्रममा प्रा.डा. शोभाकान्त लामिछाने, प्रा.डा. ज्ञानबहादुर कार्की, प्रा. के.पी. अर्याल, प्रा. कालिदास शर्मा, भीमनाथ बराल, कलाकार यादवचन्द्र भुर्तेल, स्याङ्जा साहित्य प्रतिष्ठानबाट त्रिभुवन शर्मा, रजस्थल साहित्यिक त्रैमासिकका सम्पादक टीकाराम वाग्ले, सेती-काली साहित्य सङ्गम, तनहुँका अध्यक्ष नारायणकैलाश सिग्देल, पुम्दीभुम्दी स्रष्टा समाज, कास्कीका अध्यक्ष गोविन्दप्रसाद बराल, डिल्लीप्रसाद ढुङ्गाना, विजय ढकाल सहिद स्मृति प्रतिष्ठानका अध्यक्ष माधव मिश्र, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका तर्फबाट दुर्गाबहादुर शाह 'बाबा', शुक्ला साहित्य सङ्गम, तनहुँका सल्लाहकार मोहन भुजेल, लघुकथाकार शुभ शर्मा, थमन परियार स्मृति प्रतिष्ठानका अध्यक्ष गोपालमणि लामिछाने, पुष्पकमल सुवेदी स्मृति प्रतिष्ठानका अध्यक्ष पूर्ण गिरी, कवि राजेन्द्र पौडेल, सिर्जना ढकाल, ध्रुव अधिकारी, रुपिन्द्र प्रभावी 'कटु', विकास लुङ्गेली, भीम सुवेदी, रामचन्द्र आचार्य, नरेन्द्र रानाभाट, विद्याविमल बराल, ध्रुवराज पोखरेल, रञ्जना राई, गोमा पौडेल, ध्रुव विपश्वी, मनकुमारी ढकाल, रामप्रसाद सुवेदी, धनप्रसाद तामाङ, श्रीकृष्ण अधिकारी, शालिकराम देवकोटा, ढाकामोहन बराल, आरम्भ पौडेल, धीरेन्द्र मरासिनी, सूर्यप्रसाद शर्मा, गुरु बराल, रामप्रसाद पौडेल, घनश्याम शर्मा रेग्मी, नवराज बराल 'निश्चल', अपार मरासिनीलगायत करिब छ दर्जन कवि-लेखक तथा शुभेच्छुकहरुको उपस्थिति रहेको थियो ।

गण्डकी साहित्य सङ्गमका उपाध्यक्ष तथा पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पद्मराज ढकालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रमको सञ्चालन सङ्गमकी कोषाध्यक्ष विजया सुवेदीबाट र अध्यक्षता भीम रानाभाटबाट भएको थियो ।

# गाउँपालिकामा पुस्तकालय स्थापना

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ४ भदौं

स्याङ्जाको अर्जुनचौपारी गाउँपालिकाको प्रशासकीय भवनभित्रै पुस्तकालय स्थापना गरिएको छ । विश्व हिन्दू युवा सङ्घले गाउँपालिकाको व्यवस्थापन तथा सहयोगमा पुस्तकालय स्थापना गरेको हो ।

विशेषगरी धर्म, संस्कार र संस्कृतिको संरक्षण गर्ने उद्देश्यले संस्कृत भाषाका पुस्तकसहित अन्य पुस्तक पुस्तकालयमा राखिएको विश्व हिन्दू युवासङ्घ स्याङ्जाका अध्यक्ष नवराज पौडेलले बताउनुभयो ।

"धर्म, संस्कार, संस्कृतिको संरक्षणसँगै यसको प्रचारप्रसार गर्ने, यसको महत्वका बारेमा सर्वसाधारणलाई सुसूचित गराउनुपर्ने आवश्यकता ठानेका छौं", उहाँले भन्नुभयो, "विशेषगरी युवापुस्तालाई धर्म संस्कार, संस्कृति तथा इतिहासका बारेमा जानकारी गराउनसके संस्कार संस्कृतिको संरक्षणमा ठूलो टेवा पुग्नेछ ।" पुस्तकालयमा धर्म, संस्कार, संस्कृति, इतिहास, साहित्य तथा अङ्ग्रेजी माध्यमका विभिन्न सात सय पुस्तक राखिएका छन् । पुस्तकालयमा पुग्नुभएका जुनसुकै पाठकले पनि आफूलाई अनुकूल हुने खालका पुस्तक पढ्न पाउने हुनुभएको हो । गाउँपालिकाले विश्व हिन्दू युवासङ्घसँगको सहकार्यमा गाउँपालिका कार्यालयमा पुस्तकालय स्थापनागरी सञ्चालनमा ल्याएको गाउँपालिकाका अध्यक्ष प्रकाश तिवारीले बताउनुभयो। पुस्तकालय सञ्चालन तथा व्यवस्थापन गाउँपालिकाले गरेको छ । "पुस्तकालयमा सबै प्रकारका पाठकहरुको रुचिका पुस्तक राखेका छौं", उहाँले भन्नुभयो, "आगामी दिनमा थप महत्वपूर्ण र बहुउपयोगी हुने पुस्तक थप गर्दै जानेछौं ।" गाउँपालिकामा सेवा लिन आउने सेवाग्राहीले फुर्सदको समयमा आफूलाई रुचि भएका पुस्तक पढ्न पाउने र पढ्ने बानीको विकास गर्नका लागि पनि कार्यालय परिसरभित्रै पुस्तकालय स्थापना गरिएको उहाँले बताउनुभयो । कार्यालय खुलेका दिनमा कार्यालय अवधिभर पुस्तकालय खुला हुनेछ। पछिल्लो समय संस्कार, संस्कृति तथा नैतिक शिक्षाको खडेरी पर्दै जाँदा यसको संरक्षण, सम्वर्द्धन र पछिल्लो पुस्तालाई संस्कारयुक्त बनाउनका लागि संस्कार शिक्षा पढाउन थालेको पालिकाले नागरिकलाई सुसूचित बनाउनका लागि पनि पुस्तकालयले सहयोग पुग्ने उहाँले बताउनुभयो ।

# नेपाली कागज उद्योग पुन:सञ्चालन

**पोखरापत्र संवाददाता**
म्याग्दी, ४ भदौं

म्याग्दीको मालिका गाउँपालिका-३ अधिबारामा पाँच महिनादेखि बन्द अवस्थामा रहेको मालिका कागज उद्योग पुनःसञ्चालन भएको छ । कच्चापदार्थ र कामदारको अभाव, विद्युत् आपूर्तिमा अनियमितताले बन्द रहेको सो उद्योग पुनः सञ्चालन भएको हो ।

गत शनिबारदेखि उक्त उद्योगले पुनःव्यावसायिक उत्पादन सुरू गरेको छ । उद्योगका सञ्चालक मोतीराज गौतमका अनुसार स्थानीय हाते प्रविधिबाट उत्पादन गरिने कागज उद्योगमा उच्च गुणस्तरको कागज उत्पादनको माग बढेसँगै पुनःनेपाली कागज उत्पादन सुरू गरेको बताउनुभयो । "यहाँ उत्पादित कागजलाई बजारको समस्या छैन, कच्चापदार्थ र कामदारको समस्याले नियमित सञ्चालनमा समस्या छ", सञ्चालक गौतमले भन्नुभयो । कागजको बजारमा अत्यधिक माग हुँदा पनि मागअनुसारको उत्पादन गर्न नसकिरहेको बताउँदै अब नियमित उत्पादन र मागअनुसार पूर्ति गर्ने योजना रहेको सञ्चालक गौतमले जानकारी दिनुभयो। उद्योगमा विभिन्न आकारका कागजको माग हुने गरेकामा सरकारी तथा गैरसकारी कार्यालय कागज, तमसुक कागज, १८-२० ग्रामको कागज, धूप निर्माण गर्नेछ-सात ग्रामको कागज, चिना निर्माणका लागि ४० ग्रामको कागजसहित विभिन्न प्रयोजनका लागि बिक्री हुने गरेको छ। उद्योगमा चुनौती धेरै रहेको अवस्थामा कच्चापदार्थ लोक्ता अभाव, विद्युत्को अनियमितता, उपकरण फ्रेम मर्मतसम्भार, विद्युत्बाट लोक्ता (कागज बनाउन प्रयोग गरिने कच्चापदार्थ) पकाउँदा हिटरको रड बढी जल्नेजस्ता समस्याले उद्योगको क्षमताअनुसार कागज उत्पादन गर्न नसकिएको उद्योगका सञ्चालक गौतमको भनाइ छ । स्थानीय तह र सम्बन्धित निकायबाट सहयोग हुने, उद्योगमैत्री वातावरण मिल्ने र डिभिजन वन कार्यालयले कागज बनाउन प्रयोग गरिने कच्चापदार्थ लोक्ताको सङ्कलन गर्न सरल नीति बनाएमा म्याग्दीका अन्य स्थानमा पनि कागज उद्योग सञ्चालन गर्न सकिने जनाइएको छ।


# अचल सम्पति (धितो) लिलाम बढाबढ गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सुचना ।

**पहिलो पटक प्रकाशित मिति २०८१/०५/०५ गते (पोखरापत्र राष्ट्रिय दैनिक)**

यस फेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, व्याज एवं अन्य दै-दस्तुर रकम समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको शर्त सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरि आफुले तिर्नु बुझाउनु पर्ने रकम नबुझाई बसेको साथै यस भन्दा अगाडि पहिलो पटक मिति २०८०/१२/१३ मा ऋण चुक्ता गर्न आउने बारे ३५ (पैत्तिस) दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिक, दोस्रो पटक मिति २०८१/०१/२८ मा ऋण चुक्ता गर्न आउने बारे १५ (पन्ध्र) दिने सूचना समाधान राष्ट्रिय दैनिक र तेस्रो पटक मिति २०८१/०२ /१४ मा ऋण चुक्ता गर्न आउने बारे ७ दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिकबाट सूचना प्रकाशित गरी सम्पूर्ण ऋणको सावाँ, ब्याज र अन्य दै-दस्तुर चुक्ता गर्न अनुरोध गर्दा समेत आजका मितिसम्म उक्त ऋण चुक्ता नगरी बस्नु भएको हुँदा ऋणी सदस्य तथा धनजमानतले ऋण लिदाँ गरेको सम्झौता बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हालसम्मको साँवा ब्याज समेतको रकम दाखिला गर्नुहोला अन्यथा सूचना प्रकाशित भएको मितिले ३६ औं दिन धितो जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिलाम बिक्री गर्न लागिएको हुँदा लिलाम बढाबढ गरी लिन ईच्छुक महानुभवहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। धितो जमानत दिनुहुने ऋणी तथा व्यक्तिगत जमानत समेतलाई सुरक्षणमा रहेको धितो लिलामा बिक्री गरिने बारेको जानकारी यसै सूचनाद्धारा गराइन्छ। धितो लेखिदिएको सम्पति लिलाम बिक्री गर्दा यस संस्थाबाट गरिएको मुल्याङ्कन रकम भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई संस्थाले कम मूल्यमा लिलाम बिक्री गऱ्यो भनी कही कतै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै सुरक्षणमा रहेको सम्पति लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको विनियम २०७२, ऋण नीति २०७९ तथा प्रचलित कानुन बमोजिम ऋणी स्वयं र व्यक्तिगत धनजमानतकर्ताहरुको एवं निजहरुको एकाघरको समेतको नाममा रहेको अन्य चल अचल सम्पतिहरुबाट धितोले नखामेको बक्यौता ऋण रकम असुलउपर गरिने छ। उल्लेखित मितिमा बोलपत्र एवं लिलाम बढाबढ हुन नसकेमा संस्था आफैले पनि उक्त धितो सकार गरिलिन सकिनेछ।

तपसिल

| क्र सं. | ऋणी सदस्यको विवरण | ऋणीको फोटो | धनजमानीको विवरण | जमानीको फोटो |
|---|---|---|---|---|
| १. | सदस्यता न : १५५३<br>**नाम : लालकाजी गुरुङ**<br>जन्म मिति : २०३२/०१/१५<br>ना.प्र.नं. : १४२०<br>जारी मितिः : २०४९/०७/३० कास्की<br>बाबु /पत्नी : पदम बहादुर गुरुङ दिपा गुरुङ<br>बाजे/ससुरा : मनिराज गुरुङ<br>ठेगाना : साविक रुपाकोट ९, कास्की<br>हाल : पोखरा १४, कास्की<br>सम्पर्क नं : ९८०६५८५५६५<br>**धितो विवरण**: लाल काजी गुरुङको नाममा रहेको कास्की जिल्ला साबिक रुपाकोट वडा न. ०३ स्थित कित्ता न. ७१०८, ७१०६, ७१०४ क्षेत्रफल ०-०-१-१, ४-६-१-०, २-१-२-१ |  | १. **नाम : दिपा गुरुङ**<br>जन्म मिति : २०४५/११/२८<br>ना.प्र.न. : ४६१००१११३३६<br>जारी मिति : २०६७/०२/०२ कास्की<br>बाबु /पति : ओम बहादुर गुरुङ /लालकाजी गुरुङ<br>बाजे/ससुरा : पदम बहादुर गुरुङ<br>ठेगाना : साविक रुपाकोट ९, कास्की<br>हाल : पोखरा १४, कास्की<br>सम्पर्क नं : ९८०६७७१३७८ |  |
| | | | २. **नाम : सिता गुरुङ**<br>जन्म मिति : २०२२/०७/०२<br>नागरिकता न. : ४६०१७३००६३४<br>जारी मिति : २०७३/०१/२१ कास्की<br>पतिको नाम : ओम बहादुर गुरुङ<br>बाजेको नाम : हर्क बहादुर गुरुङ<br>ठेगाना : साबिक पोखरा १८, कास्की<br>हालको ठेगाना : पोखरा १४, कास्की |  |
| | | | ३. **नाम : सुनिल मगर**<br>ना.प्र.न : ४६१००२/१२४१<br>जन्म मिति : २०४८/१२/१५<br>जारी मिति : २०६५/०३/३० कास्की<br>बाबु : लाल बहादुर मगर<br>बाजे : पदम बहादुर मगर<br>ठेगाना : साविक लेखनाथ १, कास्की<br>हाल : पोखरा २९, कास्की<br>सम्पर्क नं. : ९८५६०६६१०७ |  |
| २. | सदस्यता नं. : १६९९<br>**नाम : सुनिता आचार्य**<br>जन्म मितिः : २०४१/०३/२३<br>ना.प्र.नं : ४६३०१४/४५<br>जारी मिति : २०६३/११/२३ कास्की<br>बाबु : बलराम गौतम<br>पति : बासुदेब आचार्य<br>बाजे/ससुरा : मोतिलाल आचार्य<br>ठेगाना साविक : साबिक अर्मला-२, कास्की<br>हाल : पोखरा-१६, कास्की<br>सम्पर्क नं. : ९८२५१८६९०४<br>**धितो विवरण**: सुनिता आचार्यको नाममा रहेको कास्की जिल्ला साबिक गर्लाङ्ग छहरेपानी गा.बि.स. वडा नं.०५ स्थित कित्ता न. १०७६ क्षेत्रफल १-०-१-२ |  | १. **नामः : बासुदेब आचार्य**<br>ना.प्र.नं. : ८१५१४<br>जन्म मिति : २०३९/०९/२६<br>जारी मिति : २०५६/२/५ कास्की<br>बाबु : मोतिलाल आचार्य<br>बाजे : बिष्णु प्रसाद आचार्य<br>ठेगाना : साविक अर्मला-२, कास्की<br>हाल : पोखरा-१६, कास्की<br>सम्पर्क नं : ९८१९१७२१४१ |  |

**लिलाम बिक्री तथा बोलपत्र सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१. लिलाममा अन्तिम पटक सबै भन्दा बढी रकम कबोल गर्ने वा बोलपत्रमा आफुले लेखेको वा बोलेको अंकको १० प्रतिशतले हुने रकम सोही दिन कार्यालय समयमा वा निर्णय हुँदा कार्यालय समय समाप्त भएमा सो दिनको भोलिपल्ट यस संस्थामा बुझाउनु पर्ने छ।
२. लिलाम सकार गर्ने ब्यक्तिले सहकारी संस्थाबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिनभित्र बाँकी रकम बुझाई अचल सम्पत्ति बुझि लिनुपर्ने छ। नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत भई संस्थाको आम्दानी हिसाबमा बाधिने छ।
३. उल्लेखित सम्पत्ती लिइसकेपछि सो को सम्पूर्ण जवाफदेही स्वयम् खरिदकर्ताको हुने छ। धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन ।
४. लिलाम सकार गर्ने ब्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोहि दिन वा सो को भोलीपल्ट नबुझाएमा निज पछि सबै भन्दा बढि रकम बोल्ने ब्यक्तिको नाममा लिलाम सदर गरिनेछ।
५. तोकिएको दिन बिदा परेमा सोको भोलिपल्ट लिलाम बढाबढ गर्ने काम हुनेछ।
६. लिलाम बढाबढ गर्दा सबैभन्दा बढि अंक बोल्ने ब्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने लिलाम गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
७. लिलाम बिक्री हुने सम्पत्तिको सम्बन्धित कागजपत्रहरु हेर्न चाहनु हुने महानुभाबहरुले यस संस्थाको प्रधान कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ। उक्त सम्पत्ती जहाँ जे जस्तो अवस्थामा र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्ने छ।
८. सूचना प्रकाशित भएको मितिले ३६ औं दिन संस्थाको प्रधान कार्यालयमा दिनको ठिक ३:०० बजे लिलाम बढाबढ हुनेछ।
९. धितो लिलाम सकार गर्न संस्थाबाट रु १०००/ तिरी लिलाम फारम रितपूर्वक भरि संस्थामा बुझाउनु पर्ने छ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्त्रण गर्दा लाग्ने नेपालसरकारको दस्तुर रजिष्टेसन दस्तुर सम्पत्ति कर स्थानीय कर र धारा विजुलीको शुल्क (बाँकी वक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्ने छ।
११. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वंमले ब्यर्होनु पर्नेछ।
१२. सहकारी ऐन, संस्थको विनियम तथा ऋण लगानी तथा असुलीनीति अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारे मा प्रचलीत कानुनले दिएको अधिकार प्रयोग गरी यस संस्थाले उक्त सम्पत्तिको स्वामित्व आफूले लिन सक्नेछ।
१३. संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पूर्ण ऋण असुल उपर नभएमा ऋणी तथा धन जमानीको नाममा रहेको अन्य चल अचल सम्पति घर घराना बाट समेत असुल उपर गरिनेछ साथै निजको एकाघरको नाममा रहेको चल अचल सम्पत्ति रोक्का राखी सोबाट समेत असुल उपर गरिनेछ।
१४. अन्य सर्तहरु बोलपत्र वा लिलाम बढाबढ फारममा उल्लेख गरे बमोजिम हुनेछ साथै अन्य बिषयहरुमा सहकारी ऐन २०७४ अनुसार बनेका नियमावली, संस्थाको विनियमको अधिनमा रही सञ्चालक समितिको निर्णय अनुसार हुनेछ।
१५. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी रकम फिर्ता दिइने छ। धरौटी रहेको रकम फिर्ता गर्नुपर्दा ब्याज प्रदान गरीने छैन।

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
**प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.**
**फोनः ०६१-५७३३७५, ५७२२३६**